नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

प.स.२०८२/०८३
च.नं.

मिति:२०८३/०३/११
ने.सं. ११४६

## <u>ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा सङ्कलन कार्य बन्द गरिएको सम्बन्धी सूचना !!!</u>

यस जिल्लाभित्र रहेका विभिन्न नदी, खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थहरु हालसम्म अवैध रुपमा उत्खनन् तथा सङ्कलन गर्ने कार्य हुँदै आइरहेको र पटक पटकका जिल्ला विपद् व्यवस्थापन समितिको बैठकवाट स्थानीय तहले कानून बनाएर मात्र कानून सम्मत रुपमा उत्खनन् तथा उपयोग गर्ने भन्ने निर्णय भएको व्यहोरा सबै पालिकालाई अवगत नै छ । यसै सन्दर्भमा "ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संसोधन २०७९)" को दफा ४ को उपदफा (१६) बमोजिम मिति २०८३/०३/०१ गते देखि ऐ. भाद्र मसान्त सम्म उत्खनन् तथा सङ्कलन कार्य गर्न पूर्णरुपमा बन्द गरिएको छ। यस सूचनाको विपरित हुने गरी नदी वा खोला क्षेत्रमा कुनै नदीजन्य पदार्थको चोरी निकासी तथा अवैध उत्खनन् वा सङ्कलन कार्य/क्रियाकलाप गरे गराएको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारवाही भै जाने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

२०८३/०३/११
जनक शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी